# सहभागी र अभिभावकहरूका लागि

## थेराप पहुँच

थेराप नेब्रास्का विकासात्मक असक्षमता विभाग (DD) र Medicaid गृह र समुदायमा आधारित छूट सेवा (HCBS) प्रदायकहरूले कागजातहरूका लागि प्रयोग गर्ने वेबमा आधारित मामिला व्यवस्थापन प्रणाली हो।

जुलाई 16, 2018 देखि, सहभागी, कानुनी अभिभावक र अन्य व्यक्तिले सहभागी/अभिभावकका अनुरोधमा, थेराप पहुँच गर्न प्रयोगकर्ताको नाम र पासवर्ड अनुरोध गर्न सक्षम हुनु हुने छ। HCBS छूट सेवाका सहभागीहरूले आफ्ना सबै सेवा प्रदायकबाट आफूसँग सम्बन्धित जानकारी हेर्न सक्षम हुनु हुने छन।

यो पहुँच पढ्ने-मात्र (केही पनि प्रविष्ट गर्न वा परिवर्तन गर्न सक्षम हुने छैन) हुने छ र तल सूचीबद्ध मोड्युलहरू मात्र देखिने छन्। कृपया सबै प्रदायकले सबै मोड्युल प्रयोग गर्नु हुन्न भन्ने कुरामा ध्यान दिनुहोस्। थेरापभित्र रेखाङ्कित मोड्युलहरू मात्र दस्तावेजीकरण गर्न आवश्यक छ र सबै सहभागीका लागि उपलब्ध हुने छ।

| | | |
|---|---|---|
| अाग्रिम निर्देशनहरू | आपत्कालीन डाटा फाराम | ISP डाटा |
| अपोइन्टमेन्ट र स्वास्थ्य ट्र्याकिङ | व्यक्तिगत डाटा फाराम* | ISP कार्यक्रमहरू (रिह्याबिलिटेशनका कार्यक्रमहरू) |
| व्यवहारका घटनाहरू | व्यक्तिगत गृह पृष्ठ | व्यक्तिगत फोकस कार्यपत्र* |
| व्यवहार योजना र ट्र्याकिङ | व्यक्तिगत सहायता योजना (ISP)* | सुरक्षित सञ्चार (SComm) |
| बजेट/सेवाका प्राधिकरणहरू* | ISP एजेन्डा* | |

प्रयोगकर्ताको नाम र पासवर्ड जारी गर्नका लागि, थेराप पहुँच अनुरोध फाराम र हस्ताक्षरित जानकारी भरेर DHHS.DDTherapAccess@nebraska.gov मा इमेलमार्फत वा मेलमार्फत पठाउनुपर्छ:

स्वास्थ्य तथा मानव सेवा विभाग विकासात्मक
असक्षमता विभाग ध्यान: थेराप पहुँच
P.O. Box 98947
Lincoln, NE 68509-8947

थेरापले आफ्ना मोड्युलहरू नेभिगेट गर्न मद्दत गर्न कसरी गर्ने भन्ने गाइडहरू उत्पादन गऱ्यो। यी कागजातहरू सहभागी र अभिभावकहरूका लागि थेराप वेबसाइटमा https://help.therapservices.net/app/nebraska-individuals-guardians मा फेला पार्न सकिन्छ। वेबसाइटमा थप सहयोग प्रदान गर्ने समस्या निवारण मेनुअन्तर्गत FAQs वा लाइभ हेल्प जस्ता स्रोतहरूका लिङ्कहरू पनि छन्। थेरापको अनलाइन लाइभ हेल्पले प्रयोगकर्तालाई लग इन गर्न निर्देशन दिन्छ। थेरापमा लगइन गरेपछि, मुख्य स्क्रिनको तल लाइभ हेल्प लिङ्को लिङ्क देखिन्छ।

पहुँच अनुरोध गर्ने बारे कुनै प्रश्नहरू छन् भने, कृपया आफ्ना प्रश्नहरू DHHS.DDTherapAccess@nebraska.gov मा इमेल गर्नुहोस् वा आफ्नो DD सेवा संयोजकलाई सम्पर्क गर्नुहोस्।

व्यक्तिगत डाटा फाराम तपाईंको सेवा संयोजक वा तपाईंको सेवा प्रदायकद्वारा प्रविष्ट गर्न सकिन्छ।

तपाईंले थेरापमा देख्नुभएको जानकारीका बारेमा प्रश्नहरू छन् र यो माथि * चिन्ह लगाइएको कुनै पनि मोड्युलमा छ भने, कृपया आफ्नो DD सेवा संयोजकलाई सम्पर्क गर्नुहोस्। कुनै अन्य मोड्युलमा जानकारीका बारेमा प्रश्नहरू छन् भने, कृपया आफ्नो सेवा प्रदायकलाई सम्पर्क गर्नुहोस्।